# ब्रह्मपुरी गाउँपालिकाको
# बाल संरक्षण नीति
# २०७८

ब्रह्मपुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

प्रदेश नम्बर-२

# ब्रह्मपुरी गाउँपालिकाको
# बाल संरक्षण नीति
## २०७८

ब्रह्मपुरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

ब्रह्मपुरी, सर्लाही

प्रदेश नम्बर-२

# विषय सूचि

ब्रह्मपुरी गाउँपालिकाको बालबालिकाहरूका हक अधिकार संरक्षणको लागि
बनेको बाल संरक्षण नीति ।........ ३

१. पृष्ठभूमिः........ ५

२. बाल संरक्षण नीतिका लागि भएका नीतिगत पहलहरूः........ ७

३ बाल संरक्षण नीतिको आवश्यकताः........ १०

४ ब्रह्मपुरी गाउँपालिकाको पृष्ठभूमिः........ १३

५. ब्रम्हपुरी गाउँपालिकाको लागि निर्मित बाल संरक्षण
नीतिका उद्देश्यहरूः........ १४

६ ब्रह्मपुरी गाउँपालिका को बाल संरक्षण नीतिनिर्माणका प्रक्रियाहरूः........ १६

७. ब्रह्मपुरी गाउँपालिकाले बालबालिकासँग काम गर्नको लागि मूल्यमान्यता तथा
जिम्मेवारीहरू/ गाउँपालिकाको बाल संरक्षण सम्बन्धि आचारसंहिताः........ १७

८. ब्रह्मपुरी गाउँपालिकाले के-कस्ता बालबालिका सम्बन्धि
सवालहरू सम्बोधन गर्ने र सम्बोधन गर्ने प्रकृयाहरूः........ २२

९ ब्रह्मपुरी गाउँपालिकाको बाल अधिकार समितिको संरचनाः........ ३०

१० ब्रह्मपुरी गाउँपालिका स्तरीय बाल अधिकार समितिद्धारा बाल संरक्षण नीतिको
कार्यान्वयनः........ ३०

# ब्रह्मपुरी गाउँपालिकाको बालबालिकाहरूका हक अधिकार संरक्षणको लागि बनेको बाल संरक्षण नीति ।

ब्रह्मपुरी गाउँपालिकाका बालबालिकाहरूको अधिकारको संवर्धन, संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्दै बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संवेदनात्मक र भावनात्मक विकास गरी सर्वोत्तम हित सुनिश्चित गर्ने समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, यस बाल संरक्षण नीतिको निर्माण गरिएको हो ।

यस बाल संरक्षण नीति भित्र प्रयोग भएका विभिन्न शब्दावलीहरू यसप्रकार छन्:

**बालअधिकार सम्बन्धीशब्दावलीहरू:**

- "संविधान" भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।
- "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।
- "बालबालिका" भन्नाले नेपालकानून अनुसार १६ वर्ष उमेर पूरा नगरेका र अन्तर्राष्ट्रिय कानून अनुसार १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्छ ।
- "स्थानीयतह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।
- "बाल कल्याण कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि **ब्रह्मपुरी गाउँपालिका**मा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।
- "गाउँपालिका" भन्नाले **ब्रह्मपुरी गाउँपालिका** सम्झनुपर्ने छ ।
- संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९ अन्तर्गत देहायका तीनवटा इच्छाधिन आलेखहरू समेत रहेका छन् :

  १) सशस्त्र संघर्षमा बालबालिकाको संलग्नता सम्बन्धी इच्छाधिन आलेख, २०००

  २) बालबालिकाको बेचबिखन, यौनशोषण र अश्लील चित्रण सम्बन्धी इच्छाधिन आलेख, २०००

३) बालअधिकार हननको उजुरीबारे सञ्चार कार्यविधि सम्बन्धी इच्छाधिन आलेख, २०११

- **बालबालिका सम्बन्धी ऐन, २०७५** मा बालबालिकाका १३ वटा मूलभूत अधिकारहरू सुनिश्चित गरिएका छन् । यो ऐन बालअधिकार महासन्धिको मूलभूत सिद्धान्तहरू र प्रावधानहरू अनुकूल रहेकोछ र बालबालिकाको समग्र हक, हित, अधिकारलाई समेटिएको एक उत्कृष्ट बालमैत्री कानून हो ।
- "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिकाहरूलाई सम्झिनुपर्छ ।
- "कसद्ररजन्य कार्य" भन्नाले प्रचलित कानुन बमोजिम हुने फौजदारी कसुरलाई सम्झिनुपर्छ ।
- "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस बालसंरक्षण नीति अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिएको बमोजिम भन्ने सम्झिनु पर्छ ।
- "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका व्यक्तिहरूलाई सम्झिनुपर्छ ।
- "बालबालिका विरुद्ध को हिंसा" भन्नाले प्रचलित कानुनमा बालबालिका विरुद्धको हिंसा भनी तोकिएको कार्य सम्झिनुपर्छ ।
- "बालसुधार गृह" भन्नाले दफा ३२ बमोजिम स्थापना भएको बाल सुरक्षा गृह सम्झिनु पर्छ ।
- "बालयौन दुव्यवहार" भन्नाले प्रचलित कानुनमा बाल यौन दुव्यवहार भनी तोकिएको कार्य सम्झिनु पर्छ ।
- "वैकल्पिक हेरचाहा को आवश्यकता भएका" बालबालिका भन्नाले दफा २६ बमोजिमका बालबालिकालाई सम्झिनुपर्छ ।

# १.पृष्ठभूमिः

बालबालिका भनेका देश निर्माणमा ठूलो भूमिका निर्वाह गर्ने एक अभिन्न अङ्गहुन् । सम्पूर्ण बालबालिकाहरूको उचित सुरक्षा र संरक्षण सबै नागरिकहरूको दायित्व हो, जसले भोलिको दिनमा समाज र देशलाई सुढृढ बनाई अझै प्रगतिको बाटोमा लम्किन सहज बनाउँछ ।

बालबालिकाहरू बाँच्नका लागि उनीहरूका अभिभावक माथि आश्रित हुन्छन, अभिभावकहरूको सहयोग, सुरक्षा र समर्थन बिना बालबालिकाहरूले विभिन्न कठिनाइको सामना गर्नपर्दछ जसमा उनीहरूको ज्यान पनि जोखिममा पर्ने सम्भावना उच्च रहेको हुन्छ। उनीहरू आफ्नो हित र अहितका बारे सोच्न सक्दैनन् र यसै कारणले बालबालिकाहरू विभिन्न हिंसा र दुर्व्यवहारका घटनामा परेको प्रशस्त उदाहरणहरू हाम्रो अगाडि छन् । तसर्थ सबै जिम्मेवार निकाय का व्यक्तिहरूले बालबालिका जन्मिनु अघि र जन्मिए पछि उचित रेखदेख, पालनपोषण, शिक्षा र सुरक्षा दिएर योग्य नागरिक बनाउनु पर्ने नेपालको कानूनी संयन्त्रले बताउँछ ।

कुनै पनि विषयलाई मजबुत बनाई अगाडि लैजान कानुनको आवश्यकता पर्दछ । जस अनुरुप बालबालिकाको आवश्यकताहरूलाई परिपूर्ति गर्ने हिसाबले नेपालको कानुनमा उनीहरूलाई विशेष समूहका रूपमा राखिएको छ। उचित शिक्षा, पालनपोषण र अवसर लगायत उनीहरूको संरक्षण सम्बन्धि हकअधिकारको संरक्षण गरी योग्य नागरिक बनाउनु सम्बन्धित सबैको दायित्वको बारेमा मापदण्डहरू विकास गरिएको छ ।

संयुक्त राष्ट्र संघीय बालअधिकार सम्बन्धी महासन्धि १९८९ लाई सेप्टेम्वर १४, लाई १९९० मा नेपाल सरकारले अनुमोदन गरेर बालबालिकाको बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताको क्षेत्रमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेको छ । साथै बालबचाउको लागि गर्नपर्ने विभिन्न कार्यहरू अन्तर्राष्ट्रिय मापदण्ड र सिद्धान्तको परिधि भित्र सञ्चालन गर्दै आएको छ। नेपालले बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बालअश्लिल चित्रण विरुद्ध व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक प्रोटोकल, २००० लाई २००६ मा अनुमोदन गरेर बालबालिकालाई सो कार्यमा नलगाउने र सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग तथा संलग्नताका विरुद्ध व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक

प्रोटोकल, २००० लाई २००७ मा अनुमोदन गरेर सशस्त्र द्वन्द्वमा बालबालिकालाई संलग्न नगराउने दायित्वलिएको छ । यसका अतिरिक्त नेपालले निष्कृष्ट प्रकारका बालश्रम उन्मूलन सम्बन्धी आइ.एल.ओ. महासन्धि १९९९ लगायतका सन्धिलाई समेत अनुमोदन गरिसकेको छ ।

नेपालको संवैधानिकले इतिहाँसमै पहिलो पटक अन्तरिम संविधान, २०६३ मा मौलिकहक अन्तर्गत राखिएको बालबालिकाको हक अधिकारलाई यस संविधानले अझ थप व्यवस्थित गरेको छ । संविधानको धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, बचाउ, संरक्षण, सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत बुँदा (ञ) को उपबुँदा (५) मा बालबालिको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने व्यवस्था उल्लेख भएको छ । यस संविधानमा बालअधिकारका मूलभूतः सिद्धान्तहरू सहित बालअधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अंगीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट यो संविधान अत्यन्तै प्रगतिशील देखिन्छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ उपदफा (१) बमोजिम बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय बालअधिकार परिषद् गठन भएको छ । यसका साथै प्रादेशिक स्तरमा पनि बालश्रम, बालविवाह, बालबालिका विरुद्ध हुने अमानवीय यौन हिंसा, दुर्व्यवहार, गैरकानूनी ओसारपसार जस्ता बालअधिकार विरुद्धका समस्याहरू निराकरण गर्न लगायत अनाथ, असहाय, सडक बालबालिकाको संरक्षणमा लक्षित गरी कानुनहरूको निर्माण र नीतिहरूको पालना गरिँदै आएको छ। साथै प्रदेश स्तरमा नै विद्यालय शिक्षामा सिकाई उपलब्धिमा सुधार, पोषण स्थितिमा सुधार लगायत विभिन्न दुरुपयोग न्यूनीकरण गर्न चुनौतीहरूलाई मध्यनजर गर्दै नीति नियमको विकास गर्दै कार्ययोजनाहरू अघि बढ्दै आएको छ ।

## २. बाल संरक्षण नीतिका लागि भएका नीतिगत पहलहरू:

नेपालको संविधान (२०७२) ले बालबालिकाको हकलाई मौलिकहकको रूपमा व्यवस्था गरी बालबचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जस्ता विषयहरू समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ लाई प्रतिस्थापन गरी बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको छ । बालअधिकार सम्बन्धी महासन्धिको धारा १ मा भएको व्यवस्था अनुसार १८ वर्षमुनिका जनसंख्यालाई बालबालिका भनी परिभाषित गरिएको छ । बालबालिकाको विषय आवधिक योजनामा प्राथमिकताका साथ समावेश भएको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षणका विषयहरुमा उल्लेख्य कार्यहरू हुँदै आएको छ । साथै नेपाल सरकार बालबालिकाको विषयमा अत्यन्त संवेदनशील छ । नेपालको संविधानमा बालबालिकाको सर्वोत्तमहितलाई प्राथमिकताको रूपमा लिइएको छ । संविधानको धारा १० मा नागरिकता पाउने हक, धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्रताको हक, धारा १८ मा समानताको हक (कुनै पनि आधारमा भेदभाव नगरिने), धारा १९ मा सञ्चारको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक, धारा २७ मा सूचनाको हक, धारा २८ मा गोपनीयताको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३१ मा शिक्षा सम्बन्धी हक, धारा ३२ मा भाषा तथा संस्कृतिको हक, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक, धारा ४० मा दलितको हक, धारा ४२ मा सामाजिक न्यायकको हकको व्यवस्था गरिएको छ । यी सबै हकहरू बालबालिकाको लागि समेत लागू हुन्छ । धारा ११ (४) मा “नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ” भन्ने उल्लेख छ । धारा ३९ अन्तर्गत बालबालिकाको हक शीर्षकमा १० वटा उपधारामा बालबालिकाको विकास, संरक्षण, सहभागिता लगायतको हकहरूको प्रत्याभूति गरिएको छ ।

नेपाल सरकारले बालविकासका लागि १० वर्षे राष्ट्रिय कार्य योजनातयार गरी लागू गरेको छ । बालबालिकाको घरमा कार्यभारसँग सम्बन्धित न्यूनतम मापदण्डहरू तर्जमा गरी लागू गरि सकेको छ भने केन्द्रमा रहेको केन्द्रीय राष्ट्रिय बालअधिकार परिषद् मार्फत ७७ जिल्लामा रहेका राष्ट्रिय बाल अधिकार परिषद्ले बालअधिकार र बाल संरक्षणको सवाललाई केन्द्रमा राखी काम गरिरहेको छ । महिला विकास विभागलाई

बालबालिका  सम्बन्धी सवालहरू हेर्ने जिम्मेवारी दिइएको छ। साथै बालन्याय समन्वय समितिले बालबालिकाको न्यायका क्षेत्रमा कार्यरत छ ।

बालबालिकाहरूको हकहितको संरक्षण, विकासका साथै बालअधिकारको विषयलाई कल्याणकारी अवधारणाबाट अधिकारमुखी अवधारणामा रुपान्तरण गर्ने प्रयोजनाको साथ बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमहरू स्थापित गरिएको हो । नेपाल सरकारको बालअधिकारका मुख्य विषयहरू बालबचाउ, बाल संरक्षण बालविकास र बाल सहभागिता सम्बन्धी विषयमा केन्द्रीतभई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धिहरूको मापदण्डमा रहेर कार्यक्रमहरू गरिरहेको छ ।

कार्यक्रमलाई स्वरुप दिने क्रममा यू.पि.आर. अनुसार प्रत्येक राष्ट्रले अघिल्ला समयमा निर्माण गरेका नीतिहरूलाई कार्यान्वयनमा ल्याउनु पर्ने, प्रतिवद्धतालाई सुदृढ बनाउनु पर्ने कुरामा जोड दिनुका साथै बालअधिकार उलघंन भएको खण्डमा तत्काल प्रतिकृयामुखि (Action Oriented) हुनुपर्छ भन्ने विषयमा जोड दिँदै बालअधिकार संरक्षणको विषयमा फरक आयाम प्रस्तुत गर्ने प्रयास गरेको छ ।

बालबालिका सम्बन्धी नीति र कानुनहरूलाई एउटा छुट्टै दृष्टिकोणबाट हेरिएको छ, जस अन्तर्गत बालबालिकाको शिक्षालाई एउटा महत्वपूर्ण एकाइको रूपमा प्रस्तुत गरिएको छ । जसमा सरकारले बालबालिकालाई औपचारिक र अनौपचारिक शिक्षा निःशुल्क तथा कम शुल्कमा प्रदान गर्दै आएको छ । त्यस्तै बालसंरक्षण विभिन्न पाटाहरू जस्तो कि गरीब, अपाङ्गभएका, दलित, सहीदका छोराछोरी र छात्राको शिक्षामा पहुँच बढाउन छात्र वृत्ति लगायत छात्रवास, दिवाखाना, खाने तेल, विद्यालय पोशाक, निःशुल्क पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरू प्रदान गरिएको छ। साथै गाउँस्तर सम्म स्वास्थ्य संस्थाहरूबाट निःशुल्क र कम शुल्कमा पोषण, भिटामिनका साथै आधारभूत र अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्दै आइएको छ । र खोप कार्यक्रम अभियानकै रूपमा सञ्चालन गरिदै आइएको छ। जन्मदर्ता र बाल अधिकारका बारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।

बाल अधिकार तथा बालबालिकासँग सम्बन्धित अन्तराष्ट्रिय तथा राष्ट्रिय ऐन, कानुन, नीतिनियम, निर्देशिका तथा रणनीतिका आधारमा हालसम्म स्थानीय स्तरमा बालअधिकार संरक्षणका लागि विभिन्न कार्यहरू तथा प्रयासहरू हुँदै आइरहेको छ । विशेष गरेर हालको समयमा स्थानीय समस्या तथा सवालहरूलाई सहि ढंगले पहिचान

गर्ने र उचित सम्बोधन गर्ने जिम्मेवारी अब स्थानीय सरकारहरूलाई आएको छ । यही परिवेशमा यस प्रदेश नं २ स्थित सर्लाहीको ब्रह्मपुरी गाउँपालिकाको लागि यो बाल संरक्षण नीति तयार परिएको छ । यस नीतिले विभिन्नखाले अपाङ्गताभएका, आमाबुवा दुबै वा दुई मध्ये कुनै एक गुमाएका, संरक्षक विहीन, बालश्रमिक (अरुको घरमा, होटल तथा रेष्टुराँमा, विभिन्न पसलहरूमा, उधोगहरूमा, घर तथा बाटो निर्माणमा, यातायातका साधनहरूमा र अन्य व्यवसायमा) को रूपमा रहेका, बेचविखन तथा ओसारपसारमा परेका, विद्यालय बाहिर रहेका, हेला/भेदभाव/वेवास्ता र अन्य शारिरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहारको कारण जोखिममा रहेका, बाल विवाह भएको कारण, वाबालविवाह हुन सक्ने जोखिममा रहेका, आमाबाबु वा संरक्षकहरू नै दीर्घरोगी भएकाले वा मानसिक रोगीभएकाले वा अपाङ्गता भएकाले जोखिममा रहेका बालबालिकाहरूको हकहित संरक्षण गर्न, यस्ता जोखिममा रहेका बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्न आवश्यकमा विशेष पहल गर्नेछ ।

यस नीतिले प्रदेश स्तरको हकमा कुरा गर्दा भौगोलिक र सामाजिक समस्या तथा चुनौतीहरूको उचित सम्बोधनका लागि कानून बमोजिमका संरचना तयार पारी तहगत रूपमा केन्द्रीय सरकारसँग आपसी समन्वय, सहयोग र सहकार्य गरी बाल संरक्षणमा विशेषता कार्यहरू गर्नेछ ।

मुख्यतः यस नीति चरणबद्ध प्रक्रियामा विकास गरिएको छ, जस अन्तर्गत प्रारम्भिक अध्ययनका क्रममा भएको स्थलगत भ्रमणले विभिन्न कठिनाइहरू उजागर गर्‍यो र सोही कठिनाइहरूलाई ध्यानमा राख्दै स्थानीय स्तरमा बालबालिकाहरूको समस्या पहिचान गरी गहन विश्लेषणका साथ मुद्दाहरू पहिचान गर्न र विभिन्न प्रभावकारी संयन्त्रहरू जसले बालबालिकाको जीवनमा महत्त्वपूर्ण प्रभावकारी हिसाबले कार्य अघि बढाइयो ।

अध्ययन र स्थानीय सरोकारवालाहरूसँग छलफलको क्रममा यस क्षेत्रमा विद्यमान हानिकारक मूल्य मान्यता र विद्यमान सोचहरूमा पर्दै आएका बालश्रम, बालविवाह, बालबालिका विरुद्ध हुने अमानवीय यौनजन्य हिंसा, दुर्व्यवहार र विभेद, बालबालिकाको गैरकानूनी ओसारपसार जस्ता घटनाहरूको अन्त्य गर्ने कार्यहरुलाई विशेष प्राथमिकताको रूपमा लिएको छ ।

साथै यस नीति निर्माणको क्रममा क्षेत्रगत अध्ययनबाट आएको विविध समस्याहरूमध्ये

अनाथ, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका तथा एचआइभी/एड्सबाट प्रभावित बालबालिकाको उपयुक्त हेरचाह तथा संरक्षण लगायतका विषयलाई प्रभावकारी ढङ्गबाट अघि वढाउनलाई  यस नीतिले विभिन्न हिसाबले पहल गरेको छ ।

बलबालिकाहरूको जीवनमा समाज र परिवेशले ठुलो भूमिका खेलेको हुन्छ । त्यसै कारण बालबालिकाहरुसँग सम्बन्धित रहेर उसको सर्वोत्तम विकासको लागि उपयुक्त नीतिहरूको निर्माण र यसको संरक्षणमा गर्नुपर्ने आवश्यककदमहरू स्थानीय स्तर देखि नै गर्नको लागि यो नीतिको निर्माण गरिएको छ । यस नीतिले बालबालिकाहरूलाई सबै किसिमको भेदभाव, दुर्व्यवहार, शोषण तथा हिंसा बाट सुरक्षित तथा संरक्षण गरी समानता र समावेशी वातावरणमा हुर्कन र चौतर्फी विकास गर्न सक्षम, प्रतिस्पर्धी र अनुशासित नागरिकको रूपमा तयार हुन टेवा दिने छ ।

## ३ बाल संरक्षण नीतिको आवश्यकता:

यस बाल संरक्षण नीतिले बालबालिकाहरूलाई लक्षित गरी बनेका वा विकास भएका विभिन्न अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्तरका पहलहरूलाई एकिकृत गरी बाल सुरक्षा र संरक्षणमा विशेष पहल गरेको छ । साथै यस नीतिले विभिन्न कारण र परिस्थितिले जोखिममा रहेका बालबालिकाहरूलाई सुरक्षा तथा संरक्षणको प्रत्याभुत गराउँदै उनीहरूको सुनौलो भविष्य निमार्ण गर्ने कार्यमा महत्वपुर्ण योगदान पुऱ्याउनुको साथै हरेक बालबालिकाहरूको बाँच्न पाउने नैसर्गिक अधिकारको संरक्षणमा जोड दिएको छ । समग्रमा यस बाल संरक्षण नीतिले ब्रह्मपुरी गाउँपालिकासँग सम्बन्धीत रही बालबालिकाको अधिकार रक्षा गर्न तथा सम्भावित घटनाको रोकथाम गर्न, बालबालिका माथि हुने जोखिम न्यूनीकरण लगायत रोकथाम र सुरक्षा सेवाका लागि आवश्यक कदमहरू चाल्न निर्माण गरिएको हो ।

विशेष गरी बाल सुरक्षासँग सम्बन्धित सम्पूर्ण राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन र ती कानुनले पहिचान गरेका विषयवस्तुहरूलाई स्थानीयकरण गरी सोको कार्यान्वयन हुने वातावरणको सिर्जना गर्न र यसमा प्रतिबद्ध भई अघि बढ्न तथा बालदुर्व्यवहार, उपेक्षा, हिंसा र शोषण जस्ता गतिबिधि रोक्नका साथै बालबालिकाहरूको शिक्षा स्वास्थ्य र सर्वाङ्गीण विकासको लागि यस नीतिले ठूलो भूमिका खेल्ने छ । यस नीतिको

मुख्य लक्ष्यमा बालबालिका र त्यसमा पनि गरिब र सीमान्तकृत बालबालिकाहरूको सुरक्षालाई विशेष जोड दिइएको छ ।

साथै प्रदेश नम्बर २ को ब्रह्मपुरी गाउँपालिकाले नीतिगत रूपमै बाल संरक्षणका सवालहरूलाई सम्बोधन गर्नुपर्ने र ती सवालहरूलाई सम्बोधन गर्नका लागि वडास्तर देखि नै कामगर्दै जानुपर्ने नितान्त आवश्यकतालाई ध्यानमा राखी यस नीति निर्माण भएको छ ।

तसर्थः ब्रह्मपुरी गाउँपालिकाका सम्पुर्ण पदाधिकारी, गाउँसभाका सदस्यहरू, सम्पूर्ण कर्मचारीहरू, शिक्षकहरू, सामाजिक कार्यकर्ता, लगायत सम्पुर्ण सरोकारवालाहरू बलबालिकाहरू उपर हुनसक्ने विभिन्न खाले हिंसा, दुर्व्यवहार, वेवास्ता र शोषण तथा संभावित जोखिमहरू बारेमा चनाखो हुन्, त्यसको तथ्यांक राख्न्, त्यस्ता संभावित जोखिमहरूबाट जोगाउन तथा यसको बारेमा सम्पूर्ण गाउँपालिकावासीलाई सचेत र सजग गराउन्, र यसता घटनाहरू भई हालेमा उजुरी गर्नेर त्यसरी उजुरी भएका घटनाहरूलाई सम्बोधन गर्न नितान्त आवश्यक रहेको पनि यस नीतिले प्रष्ट गर्दछ ।

बालबालिका उपर यस्ता घटना हुनै नदिन तथा कथमकदाचित भई हालेमा त्यस्ता घटनाको उजुरी गर्न (मौखिक वा लिखित), उजुरी उपर सुनुवाई गर्न र उचित सम्बोधन गर्नका लागि यस बाल संरक्षण नीतिको आवश्यकता परेको हो । यस नीतिले उजुरी गर्ने र उजुरी उपर सुनुवाई गर्ने एक प्रभावकारी संयन्त्रको निमार्ण गर्नका लागि पनि मार्ग निर्देश गर्नेछ ।

साथै स्थलगत अध्ययन र संरचनामा आधारित यस नीतिले समयानुकूल सुधार गर्दै बालबालिकाको संरक्षण, व्यक्तित्व विकास र हक, अधिकार प्रवर्द्धन गर्न दृढ संकल्प सहित कार्य गर्नेमा विश्वस्तता राखिएको छ । बालश्रम तथा बालविवाह अन्त्य गर्ने, अभिभावक विहीन बालबालिकाको संरक्षण सहयोग, सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूका लागि थप व्यवस्था गर्नको लागि यस नीतिले विशेष जोड दिनेछ ।

प्रस्तुत बाल संरक्षण नीतिले विशेषगरी बाल अधिकारको संरक्षण तथा प्रचलनमा रहेका विषय वस्तुलाई आधार बनाए एउटा दरिलो खम्बाको रूपमा उभिने छ । जस अन्तर्गत स्थानीय तहले आफ्नो क्षेत्रभित्रका बालबालिकाहरूका अधिकारहरूको संरक्षण

र प्रचलन ऐनको दफा ६४ बमोजिम गर्न गराउन सक्नेछ कुरामा विशेष जोड दिएको छ। ब्रह्मपुरी गाउँपालिकाको लागि निर्मित यस बालसंरक्षण नीतिले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रूपले प्रवाह गरी बालबालिकाहरूको अधिकार संरक्षणमा विशेष पहल गर्ने छ।

- राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा
- क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरूद्वारा निःशुल्क परीक्षण तथा औषधि सुविधा सहितको द्वैमासिक रूपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन
- क्षेत्र भित्र बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवादिने समाजसेवी र मनोविज्ञको सूचीकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवाप्रवाह,
- हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्दार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोबस्त,
- विपद् तथा प्रकोप (भूकम्प, बाढी, पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्दार, उपचार तथा अल्पकालीन स्याहार सहायता,
- स्थानीय चाडपर्व, विवाहभोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा,
- क्षेत्रभित्रका बालबालिकाको निर्बाध जन्मदर्ता,
- बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोवस्त।
- विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास कायम राख्ने।
- बालबालिकाविरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने,

- जोखिममा रहेका बालबालिकाहरूको संरक्षण तथा शिक्षा, स्वास्थ्य, सहभागिताको अधिकारलाई सुनिश्चित गर्नका लागिविशेष योजना तय गरि कार्यान्वयन गर्ने ।

- बालबालिका उपर गरिने वेवास्ता, भेदभाद, दुर्व्यवहार, शोषण र हिंसा बारेमा उजुरी सुनुवाई गर्न, अनुसन्धान गर्न र उचित सम्बोधन गर्न सक्ने एक विशेष र अधिकारयुक्त संयन्त्र स्थापित गर्नेछौं । र यस्तो संयन्त्रकाबारेमा आम गाउँबासीलाई विभिन्न माध्यमबाट जानकारी गराउने ।

- बालबालिका उपर हुन सक्ने हिंसा, दुर्व्यवहार शोषण भेदभाव, वेवास्ता र यस्का संभावित जोखिमहरूका बारेमा यस ब्रह्मपुरी गाउँपालिकाका पदाधिकारीहरू, गाउँसभाका सदस्यहरू, सबै कर्मचारीहरू, परामर्शदाता, श्रोत व्यक्ति, स्वयम्सेवकहरू, विभिन्न संघसंस्थाहरूका पदाधिकारी तथा सबै कर्मचारीहरू सचेत छन् भन्ने कुरा हामी सुनिश्चित गर्ने ।

- बालदुर्व्यवहारका घटना बाहिर ल्याउने जो कोही व्यक्ति, समिति तथा संस्था, यस्ता घटना वा समस्याबाट प्रभावित बालकबालिका, कर्मचारी, पदाधिकारी, सामाजिक कार्यकर्ताको बारेमा आवश्यकतानुसार गोपनियता कायम राख्दै आवश्यक सहयोग गर्ने ।

# ४ ब्रह्मपुरी गाउँपालिकाको पृष्ठभूमि:

## ४.१ ब्रम्हपुरी गाउँपालिकाको पृष्ठभूमि:

### संक्षिप्त परिचय

ब्रम्हपुरी गाउँपालिकाको स्थापना: २०७३ सालमा भएको हो । जम्मा वडा: ७, यसको क्षेत्रफल: ४०.५६ वर्ग किमि रहेको छ । यस गाउँपालिकामा जम्मा घरधुरि : ४,२००, जनसंख्या: ३६,१६९ रहेको छ भने पूर्वमा हरिपूर्वा न.पा, पश्चिममा मलंगवा न.पा, चक्रघट्टा गा.पा, उत्तर: ईश्वरपुर न.पा, चन्द्रनगर गा.पा, र दक्षिणमा भारत रहेको छ । यस गाउँपालिकामा समावेस भएका साविकका गाविसहरू भेल्हि, त्रिभुवननगर, नोकैल्वा

र ब्रम्हपुरी गा. वि. स. हुन् । यस गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक सरकारद्वारा निर्देशित नीतिनियमहरूको पालना गर्दै हकहित सुरक्षा र मानव अधिकारको संरक्षणमा विशेष जोड दिई राखेको छ । विशेषगरी बालबालिकाहरूको निम्ति यसले राष्ट्रिय बालनीतिलाई आधार मानेर कार्यहरू सुचारु गरेपनि स्थानीय स्तरको नीतिको अभावमा धेरै कार्यहरु अघि बढाउन सकेको छैन । यद्यपी यसको वार्षिक योजना र परियोजना भित्र शिक्षा, स्वास्थ्य, महिला विकास, लैंगिक विकास तथा सामाजिक समावेशीकरण, बालबालिका, खानेपानी तथा सरसफाई तथा अन्यकार्यक्रम सम्बन्धी योजनाले मुख्य स्थानमा राखेको छ ।

प्रदेश नम्बर २ का लक्षित गाउँपालिकाहरू भित्र रहेका सम्पुर्ण बालबालिकाहरूको अधिकारको संरक्षण र प्रर्बद्धन गर्ने मुख्य दायित्व भित्र रही आवश्यकताहरूको पहिचान गरी यस नीतिको सृजना गरिएको हो ।

यस नीतिमा उल्लेख गरिएका सबै निर्देशनहरू प्रदेश नम्बर २ का लक्षित गाउँपालिकाहरूका सवै पदाधिकारीहरू तथाकर्मचारीहरू वडा कार्यालयका सवै पदाधिकारीहरू तथा कर्मचारीहरू, विभिन्न सामाजिक संघ सस्थाका पदाधिकारी, प्रतिनिधिहरू र कर्मचारीहरू, गाउँपालिका, वडा कार्यालय र विभिन्न सामाजिक संघ संस्था संग सम्बन्धित श्रोत व्यक्तिहरू, परामर्शकर्ताहरू, विषय विशेषज्ञहरू, अनुसन्धानकर्ताहरू, सर्वेक्षकहरू र स्वयम् सेवकहरू लगायतका सरोकारवालाहरूसँग विभिन्न छलफल पछि आवश्यकता पहिचान गरी तयार गरिएको छ ।

## ५. ब्रम्हपुरी गाउँपालिकाको लागि निर्मित बाल संरक्षण नीतिका उद्देश्यहरू:

५.१ प्रत्येक बालबालिकाहरूको अधिकारको संरक्षणका लागी सबै किसिमका शारीरिक वा मानसिक हिंसा र यातना, उपेक्षा, अमानवीय व्यवहार, लैङ्गिकतामा आधारित अथवा छुवाछुत सम्बन्धि दुर्व्यवहार, आफ्ना आमाबुवा, अन्य परिवारका सदस्य वा अविभावक, शिक्षक र अन्यव्यक्ति बाट यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने, रोकथाम, उद्दार तथा पुनःस्थापना र व्यवस्थापन गर्ने ।

५.२ सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण, मनोवैज्ञानिक समस्या वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने ।

५.३ बालबालिकाहरू जन्मनु अघि र जन्मि सकेपछि १८ वर्ष सम्म उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग, सुरक्षा र शिक्षाप्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने ।

५.४ आफ्नो धारणा बनाउन सक्षम बालबालिकाहरूलाई निजसँग सम्वद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउँने अवसर दिई बाल संरक्षणको लागी बाल सहभागिता अभिवृद्धि गर्ने ।

५.५ बालबालिका प्रतिको विभेद अन्त्य गर्ने,

५.६ बालन्याय प्रणालीलाई बाल तथा लैङ्गिक र समावेशीकरण सहितसुदृढ र सुनिश्चित गर्ने ।

५.७ सबै सरोकारवालाहरूको जिम्मेवारीको रूपमा बाल सुरक्षा प्रचार गर्न र बालबालिका माथि हुने हिंसा र अन्य ज्यादतीपूर्ण घटनाहरू रोक्न, सुरक्षा र प्रतिक्रिया दिन प्रभावकारी बाल सुरक्षा सेवाहरू बनाउँदै लैजाने ।

५.८ लिङ्ग, उमेर, जात, अपाङ्गता भएका, धर्म, भाषा, स्थानको आधारमा बालबालिका प्रति हुने सबै प्रकारको विभेद अन्त्य (परम्परागत विभेदपूर्ण व्यवहार तथा चलन) गर्न ।

५.९ बालन्याय प्रणालीमा बाल तथा लैङ्गिकमैत्री र समावेशीकरण सुनिश्ति गर्ने ।

५.१० बाल संरक्षण मापदण्डः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आधारमा बाल संरक्षणको  मापदण्ड बनाई लागु गर्नुको साथै, त्यस क्षेत्रका सबै सार्वजनिक, निजी तथा सामाजिक संस्थाहरूलाई बाल संरक्षण मापदण्ड बनाई लागु गर्न प्रोत्साहन, सहयोग र अनुगमन गर्ने ।

५.११ बल तथा लैङ्गिकमैत्री व्यवहार तथा समावेशीकरणः स्थानीयतहका सबै

संरचनाहरू एवं यसका काम कार्यविधि र साथै बाल संरक्षण सम्बन्धि सेवाहरूमा बाल, लैङ्गिकमैत्री तथा समावेशीकरण सुनिश्चित गर्ने ।

५.१२ अति जोखिममा परेका र रहेका बालबालिकाहरूका लागी आधारभुत आवश्यकता सहितको वैकल्पिक हेरविचार तथा सेवा सुनिश्चित गर्न ।

# ६ ब्रह्मपुरी गाउँपालिका को बाल संरक्षण नीतिनिर्माणका प्रक्रियाहरू:

तराई भेगको भौगोलिक र सामाजिक संरचनाका कारण बालबालिकाहरू बढी जोखिममा रहने सर्वविदितै छ । त्यसमा पनि बालबालिकाहरू माथि हुने हिंसा र अपराधको विभिन्न स्वरुपहरू विभिन्न अध्ययन र समाचारको माध्यमबाट हामीहरूले दिनहुँ जस्तो देख्दै र सुन्दै आएका छौँ । बालबालिकाहरूलाई हिंसा, शोषण, दुर्व्यवहार र उपेक्षाबाट जोगाउने कार्यलाई निरन्तरता दिनलाई र नीति नियमको निर्माण गर्ने हिसाबले तराई स्थित बाल संरक्षण र बालअधिकारको स्थितिको बारेमा अन्तर्दृष्टि प्राप्त गर्न विभिन्न स्तरका सरोकारवालाको बैठकहरू आयोजना गरियो । विशेषगरी यस नीति निर्माण गर्नपूर्व स्थानीयस्तरमा रहेका सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट प्रस्तुत मुख्य समस्या र चुनौति उजागर गरिएको छ :

- स्थानीय तहमा लामो समयसम्म सम्बन्धित शाखामा कर्मचारी नहुनुले यस विषयले स्थानीय तहमा प्राथमिकता नपाएको,
- समितिमा उपाध्यक्ष्यको संयोजकत्वमा हुँदा नीतिनियमका समस्याहरू समाधान गर्ने कर्मचारी नभई तत्काल बजेट बिनियोजन नभएको,
- स्थानीय तहको धेरै प्राथमिकता भौतिकपुर्वाधार निर्माण भएकोले यो कार्य सम्पादनमा ध्यान नपुगेको,
- स्थानीय तहमा बालबालिका सम्बन्धि विषयले प्राथमिकता नपाएकोले तथ्याङ्क, कार्यक्रम र नीतिहरूको अभाव भएको,
- विभन्न बाल संरक्षणसँग सम्बन्धित मुद्धाहरू तराई मधेसमा देखिएता पनि

स्थानीय तह तथा सरोकारवाला निकायहरू बिच परस्पर समन्वयको अभाव भएकोले,

- तराईको भौगोलिक र सामाजिक अवस्थाले संरक्षण तथा न्याय सेवामा अपुरो पहुँच तथा बालबालिका सम्बन्धि चेतना अभिवृद्धि गर्ने कार्यमा समस्या भएकोले,

यस नीति निर्माणको क्रममा उल्लेखित समस्या र चुनौतिहरूलाई समाधानको पाटोबाट पनि अघि बढाइएको छ । जसमा स्थानीय सरकारले बालबालिकाहरूको अधिकारको समर्थनमा सामाजिक चेतना, वकालत, जागरूकता अभियान, र सामाजिक परिचालन निर्माणमा महत्वपूर्ण भूमिका खेल्नु पर्ने आवश्यकता देखा परेको छ ।

साथै यो नीति सीमित स्रोत र साधनको अत्याधिक उपयोग गरी बालबालिकाको हक अधिकारको संरक्षण गर्ने, बालबालिकाहरूको विकास गर्ने र बाल सहभागिता अभिवृद्धि गर्नै मुख्य आवश्यकताको विषयमा रहेको छ । यस नीति मार्फत विविध चुनौतिहरू जस्तै बालअधिकार संरक्षणका लागी बालबालिकाहरूका सम्मानलाई सम्बोधन गरी अघि बढाइएको छ ।

## ७. ब्रह्मपुरी गाउँपालिकाले बालबालिकासँग काम गर्नको लागि मूल्यमान्यता तथा जिम्मेवारीहरू/ गाउँपालिकाको बाल संरक्षण सम्बन्धि आचारसंहिता:

### अनिवार्य गर्नुपर्ने कामहरू:

- बालबालिकासँग कुनै पनि काम गर्दा उनीहरूको शारीरिक, मानसिक पक्षलाई ध्यानमा राखी गर्नुपर्छ । उनीहरूको शिक्षा र सहभागितामा हानी नोक्सानी, खतरा वा जोखिम नहुने स्थान, मिति र समय छनौट बारे व्यवहारमा लागु गर्नपर्ने ।

- कसैलाई पनि हानी नगर्ने सिद्धान्तमा केन्द्रित रही बालबालिका तथा

किशोरकिशोरीहरू विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्यगर्न पर्ने ।

- बालबालिकालाई बाल दुर्व्यवहार सम्बन्धि कुनै पनि सवाल उठाई छलफल गर्नको लागी  सहज वातावरण तयार गरि दिनु पर्ने ।
- बालबालिकासँग सम्बन्धित कुनै पनि योजना कार्ययोजना तर्जमाहरूको क्रियाकलाप अघि बढाउँदा वा निर्णय गर्दा जहिले पनि बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने ।
- बालबालिकाहरूलाई जोखिममा पार्ने , उनीहरूलाई नोक्सान पुऱ्याउने कुनै पनि क्रियाकलाप वा व्यवहार प्रति सचेत हुनपर्ने र कुनै पनि किसिमको यस्ता क्रियाकलाप हुन नदिन न्युनिकरणका उपायहरू अबलम्बन गर्ने ।
- बालबालिकाहरू माथि भइरहेका यौन शोषण र उनीहरू माथि हुने यौन दुर्व्यवहारका घटनाहरूलाई गम्भीर अपराधको रूपमा लिइने । इन्टरनेट, इमेल, मोबाइल जस्ता विद्युतीय सेवा प्रदायकले बाल यौनदुर्व्यवहार नहुने गरी मात्र सूचना प्रवाह गर्ने व्यवस्था गरिने ।
- बालबालिकासँग सम्वन्ध राख्ने सबै मुख्य कागजपत्रहरू को सुनिश्चितता गर्न ै सबै निकायहरूबाट प्रक्रिया सरल र सहजबनाइनेछ । साथै शिक्षामा पहुँच, विद्यालयमा नामांकन, लैंगिक समानता र पाँच वर्ष मुनिका बालबालिकाहरूको मृत्यु दरमा कटौतीमा सुधार लाउने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुन नीति र कार्यपत्रहरूमा आधारित भई बालहिंसा, संरक्षण सम्बन्धी घटना व्यवस्थापन र बालअधिकारमैत्री योजनातर्जमा सम्बन्धी तालिम प्रदेश, जिल्ला र स्थानीयतहमा सञ्चालन गरि बालबालिकाहरूको सुरक्षाको निम्ति विशेष पहल गर्ने ।
- बाल सुरक्षा, शिक्षा र खेलकुद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जमा गरी लागू गर्ने र त्यसमा बालबालिकालाई स्वैछिक रूपमा व्यवस्थापकीय भूमिका खेल्ने अवसर प्रदान गरिने ।

- बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरूकै पहलमा बालहितकारी सूचना सामग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोतसाधन उपलब्ध गराउनेमा पहल गर्ने ।

- बालबालिकाको पहलमा बाल संस्था तथा बाल क्लव दर्ताको लागि निवेदन पर्न आएमा आधारमा बालक्लव, बाल संस्था वा बालक्लव सञ्जाल दर्ता गरी प्रमाण-पत्र निःशुल्क उपलब्ध गराउने र सञ्चालनका लागि सहजीकरण गर्ने र गराउँने ।

- बालक्लब तथा बाल क्लव सञ्जालको नवीकरणमा पहल गर्ने ।

- स्थानीय बालअधिकार समितिको निर्माण हुन पर्ने र उक्त समितिले बालबालिकाहरूको हक हितका निम्ति दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने र गराउँने कार्यमा विशेष जोड दिनुका साथै बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रव्र्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने विषयमा ध्यानाकर्षणका साथै पहल पैरवी गर्ने ।

- बाल कल्याण अधिकारीको चयन गर्ने र सो व्यक्तिले बाल कल्याणमा टेवा पुग्ने काम, कर्तव्य र अधिकारहरू जस्तो कि स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउँनेमा जोड दिने र नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजनाअनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गरी स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने र स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार,

मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

## गर्नै नहुने कामहरू :

- कुनै पनि बालक वा बालिकालाई पिट्ने, कुट्ने, गालीगलौज गर्ने लगायतका शारीरिक वा मानसिक यातना दिने वा अन्य दुर्व्यवहार हुने खालको व्यवहार नगर्ने ।
- अरुबाट टाढा वा एक्लै राखेर कुनै पनि बालक वा बालिकासँग चाहिने भन्दा बढि समय बिताउनु हुदैन ।
- बालबालिकाहरूको मन्जुरी भए पनि वा नभइकन उनीहरूसँग यौन सम्बन्ध राख्नु हुदैन वा अन्य कुनै पनि किसिमका यौन जन्य कृयाकलाप गर्नं हुदैन ।
- बालबालिकाहरूलाई हिनताबोध हुने, नियास्रो लाग्ने, लज्जित बनाउने, मनोभावनामा चोट पुग्ने कुनै पनि कृयाकलाप, व्यवहार, शब्द वा भाषाप्रयोग गर्नं हुदैन ।
- संरक्षक विना कुनै पनि बालकबालिकालाई आफूसँग रातिबास बसाउँनु हुदैन वा अभिभावक वा संरक्षक विना उनीहरूबाट टाढा लग्नु हुदैन ।
- बालविवाहसँग सम्बन्धित कुनै पनि भोज भतेर, जन्ती, लोकन्ती अन्य वा कार्यक्रममा संलग्नहुनु हुदैन ।
- बालबालिकाहरूले आफूलाई वा अरु बालबालिकाहरूलाई भएको दुर्व्यवहारको घटना वा समस्या बताउन लागेको बेला हाँस्ने वा भन्न रोकिदिने वा निरुत्साहित गर्ने काम गर्नं हुदैन ।
- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच बढाउनुका साथै बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने ।

**बालबालिका उपर यौनदुर्व्यवहार वा मानसिक तथा शारीरिक यातना दिने खालको दुर्व्यवहार गरेको कुरा कुनै पनि श्रोतबाट जानकारी भएमा प्रचलित कानुनका आधारमा उजुरी गर्ने :**

- उजुरी गर्ने प्रक्रियामा उजुरी र प्रतिक्रियाको संयन्त्र स्पष्ट रूपमा बाल र लैङ्गिकमैत्री र सामाजिक समावेशीकरण सहितको हुनुपर्छ, जस्तै अपाङ्गगता भएका बालबालिका, अशिक्षित बालबालिकामैत्री हुनुपर्छ ।

- विभिन्न कार्ययोजना, नीति तथा रणनीति, कार्यक्रम र परियोजनाहरू सञ्चालन गरी उजुरीको स्रोत गोप्य भए नभएको सुनिश्चित गर्ने गराउने । कुनै पनि बालबालिकासँग सम्बन्धित कुनै पनि सूचना वा जानकारी उीनहरूको हित विपरित हुने गरी सार्वजनिक गर्नु हुदैन । वा गोपनियताको अधिकार उलघंन गर्न हुदैन ।

- स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

- यौनदुर्व्यवहार लगायतका विभिन्न दुर्व्यवहारबाट बच्न सकिने उपायहरू बारेमा बालबालिकाहरूलाई सिकाउने ।

- घटनाहरू उजुरी गर्ने निकाय र प्रक्रियाको बारेमा बालबालिकाहरू र तिनीहरूका अभिभावकलाई विस्तृत रूपमा जानकारी दिनु पर्ने र उजुरी र कार्वाहीको प्रक्रिया बाल तथा लैङ्गिकमैत्री र समावेशी हुनुपर्ने छ ।

- बालबालिकाको सुरक्षा, उनीहरूको तत्काल आवश्यकता र इच्छा चाहनालाई सुनिश्चित गरी मनोसामाजिक अवस्था प्रति सजक हुनुपर्ने ।

- अनुसन्धान पश्चात घटनाको प्रकृति हेरेर सामान्य दुर्व्यवहार भएको खण्डमा सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई सचेत हुनका लागि लिखित रूपमै चेतावनी पत्र दिइनेछ ।

- तर अनुसन्धान पश्चात सम्बन्धित पदाधिकारी वा कर्मचारी दोषी प्रमाणित भएको खण्डमा कानुनी कार्बाहीका लागि बह्मपुरी गाउँपालिका स्वयंमले आवश्यक प्रकिया अघि बढाउनेछ ।

- दुर्व्यवहार पिडित बालबालिकाको लागी पूर्ण सुरक्षा सहितको लैङ्गिकमैत्री अस्थाइ आवासको व्यवस्था गर्नुपर्ने ।

## ८. ब्रह्मपुरी गाउँपालिकाले के-कस्ता बालबालिका सम्बन्धि सवालहरू सम्बोधन गर्ने र सम्बोधन गर्ने प्रकृयाहरू:

बालबालिका केन्द्रित विभिन्न सवालहरूको उचित सम्बोधन गर्नँ यस नीतिको प्राथमिक लक्ष्य हो । ब्रह्मपुरी गाउँपालिकाले यस बाल संरक्षण नीतिको घेराभित्र रहेर विभिन्न खालका सवालहरूको उठान गर्नँका साथसाथै ती सवालहरूलाई उचित हिसाबले सम्बोधन पनि गर्नेछ। तल उल्लेखित सवाल र संशोधन प्रक्रियाहरूलाई विशेष ध्यानमा राखिएको छ, ताकी कुनै पनि कार्य गर्दा आगामी दिनमा कुनै पनि बालबालिकाहरूको अधिकार हनन् नहोस् र उनीहरूको मानव अधिकार रक्षामा सम्पूर्णमा बल पुगोस् । यसका अतिरिक्त स्थानीय स्तरमा आवश्यक पर्ने बालबालिका सम्बन्धी समस्याहरूमा बालबालिकाहरूको सुरक्षा र अधिकार रक्षाको लागि कार्यक्रमहरू थप्दै लगी अझ बाल अधिकार मजबुत गर्न सकिनेछ ।

### अनाथ, असहाय वा बेवारीसे अवस्थाका बालबालिका:

- कुनै पनि कारणबाट अनाथ, असहाय वा बेवारीसे भएका बालबालिकाको पहिचान गरी सूचना अध्यावधिक गर्ने ।

- परिवारमा आधारित स्याहारको व्यवस्था हुन नसकेका बालबालिकाको लागि आवासीय बालगृह वा अन्य वैकल्पिक स्याहारको व्यवस्था गर्ने । यस्ता बालबालिकाका लागि लैङ्गिक मैत्री र अपाङ्गमैत्री अस्थाई आवास तथा पुनर्स्थापनाको व्यवस्था गर्ने । यस्ता बालबालिकाको परिवार वा

आफन्तको खोजी गरी परिवारमा पठाउँने ।

- परिवार स्थानीय निकायका प्रतिनिधि र अन्य व्यक्तिहरूको रोहबरमा बाँध सुरक्षाको लागि विशेष पहल गरिनेछ । जसमा वैकल्पिक स्याहार प्रदान गर्न योग्य तथा इच्छुक व्यक्ति तथा संस्थाहरूको पहिचान तथा सूचीकरण गर्ने । जोखिममा परेका र सीमान्तकृत बालबालिकाको लागि तत्काल लैङ्गिक संवेदनशील उद्धार र राहत सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

- हराएका वा अलपत्र अवस्थामा भेटिएका बालबालिकाको उद्दार गर्ने, अस्थायी केन्द्रमा राखी बाबुआमा वा परिवार खोज्ने, परिवारमा पुर्न एकीकरण र पुर्नस्थापना गर्नका लागि बालबालिका खोजतलास समन्वय केन्द्रलाई थप प्रभावकारी बनाइने ।

- वेवास्ता, उपेक्षा र हेलचेक्राइबाट संरक्षण गर्नंपर्ने र पुर्नस्थापना केन्द्र, परामर्श केन्द्रमा बालबालिकाको निम्ति परामर्श, कानुनीउपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग प्रदान गर्ने । पुर्नस्थापना केन्द्र, परामर्श केन्द्रका संरचना र यसका कार्यविधि र सेवालाई लैङ्गिक तथा बालमैत्री साथै समावेशी बनाउने ।

## अपाङ्गता भएका बालबालिका:

- अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको विविध किसिम सहित तथ्याङ्क संकलन तथा अभिलेखीकरण गर्ने र परिचय पत्रको व्यवस्था गर्ने गराउने ।

- अपाङ्गता भएका बालबालिकाको लागि आवश्यक पर्ने विशेष स्याहार, मनोविमर्श, पुनर्स्थापना, उपचार, छात्रवृत्ति जस्ता सेवाहरूको नक्साङ्कन तथा सूचीकरण गर्ने ।

- अपाङ्गमैत्री स्थान, विद्यालय सञ्चालन र समावेशी शिक्षाका मापदण्ड निर्धारण तथा अनुगमन गर्ने तथा गैर सरकारी तथा निजी सेवा प्रदायक मार्फत त्यस्ता सेवाप्रवाह गर्ने व्यवस्था मिलाउने ।

## बालविवाह:

- बालविवाहको कारणले हुने आर्थिक, सामाजिकतथा स्वास्थ्य एवम् व्यक्तित्व विकास सम्बन्धी असर र कानुनी प्रावधान आदिबारे लक्षित समुदाय पहिचान गरी सचेतना गर्ने ।

- बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाई-बुझाई तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह रोक्ने वातावरण निर्माण गर्ने । बालविवाहका मुल जड पत्तालगाई, त्यसको समाधान गर्न आवश्यक योजना बनाई कार्यान्वयन गर्ने । बालविवाह अन्त्यको लागी पहल गर्ने ।

- बालविवाह रोक्न स्थानीय सरकार र विकासका साझेदार संस्थाहरूको सहकार्यमा समुदाय स्तरका संघसंस्थाहरूलाई परिचालन गरिने छ। बालविवाह विरुद्धको उजूरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्था गरिने छ र बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिइने छ ।

- बालबालिका विरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकाको हकहितको संरक्षणको निम्ति सञ्चालित बाल हेल्पलाइनलाई, प्रहरी प्रशासन, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानूनी सहयोग गर्ने संस्थाहरू, बालबालिका तथा मानव अधिकारसँग सम्बन्धित संघ-संस्थाहरू, अस्पताल, सञ्चार माध्यम, समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ । बालहेल्पलाइन सेवाले अल्पकालीन संरक्षण, मनोसामाजिक विमर्श, पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना लगायत बालबालिका विरुद्धका अपराध नियन्त्रण गर्न

तथा बालअधिकार हनन बारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ ।

- बालबालिकाहरूका निम्ति गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरू, अदालत, प्रशासनीक निकाय, विधायिका लगायत सबैले बालबालिकासँग सम्बन्धित कामगर्दा बालबालिकाको सर्वोतम हितलाई प्रथामिकता दिनुपर्छ ।

- कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्नपाइने छैन र सो गरेमा कानुन बमोजिम सजाय हुने छ र यससँग सम्बन्धीत दाइजो प्रथा  र अन्य विभिन्न गर्भास्थाका कुराहरू र हिंसामा  परेका महिलाहरूलाई विशेष प्राथमिकताको साथ सहयोग र सुरक्षा दिइनेछ । विशेषगरी बालबालिकाको हकमा यसलाई अझ मजबुत बनाइने छ ।

## बालश्रम अन्त्य गर्ने गराउने:

- बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गर्ने ।

- बालश्रम निरुत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामाग्री प्रयोग नगर्ने नगराउने ।

- निश्चित आधार तथा मापदण्डको आधारमा बालश्रम मुक्त वडा/पालिका घोषणा तथा हरियो झण्डा अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, घरेलु कामदार आदि) सञ्चालन गर्ने ।

- गैर कानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको लागि कानुनी उपचार तथा काममा लगाउनको तर्फबाट क्षतिपूर्तिको लागि सहजीकरण गर्ने ।

- बालश्रमले बालबालिकाको दीर्घकालीन शारीरिक र मानसिक सामाजिक विकासमा असर गर्ने भएकोले यसको निवारणको लागिकुनै उद्योग वा कल कारखानामा बालबालिकालाई बालश्रमिकको रूपमा काममा लगाए नलगाएको बारेमा जाँचबुझ गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाइनेछ । कुनै रोजगार दाताले बालश्रमिकलाई काममा लगाएको पाइएमा बालबालिकाको तत्काल उद्दार गरी रोजगारदातालाई कारवाही गरिनेछ । त्यसरी उद्दार गरिएको बालबालिकाको पुनःस्थापनाको लागि एकीकृत राहत सुविधा उपलब्ध गराइनेछ र उद्धार तथा पुर्नस्थापना बाल तथा लैङ्गिकमैत्री  बनाइने छ ।

- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक असर गर्ने कार्यलाई अन्त्य गर्न गाउँपालिकाले त्यस्ता कार्यमा लगाउने होटल, इट्टाभट्टालाई कार्वाही गरी बालश्रम मुक्त बनाउने ।

- घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, बालसुधार गृह, उपचार केन्द्र, कार्यस्थल वा अन्य स्थानमा अनुशासनको नाममा माबालबालिका उपर हुने शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुन सक्ने सजाय तथा कानुनबारे प्रचार प्रसार गर्ने ।

- कुनै पनि बालबालिकालाई उसले नसक्ने कार्यबोझ थपि वा कुनैपनि खालको काम गराउन घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्यकुनै किसिमको यातना दिन पाइनेछैन ।

## बालबालिकाको बेचबिखनको अन्त्यः

- देशभित्र तथा देश बाहिर हुने बालबालिकाको बेचबिखन विरुद्ध अभिभावक तथा बालबालिकालाई सञ्चार माध्यम, स्थानीय समूह, बालक्लव, विद्यालय लगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।

- बालबालिकाको बेच बिखन रोक्नका लागि नेपाल प्रहरी तथा संघसंस्थाहरूसँगको समन्वयमा स्थानीय तहका मुख्य नाकाहरूमा चेकपोष्टहरूको व्यवस्था गर्ने ।

- बेचबिखनमा पारिएका बालबालिकाको उद्धार, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, आपत्कालीन संरक्षण, परामर्श, कानुनी उपचार तथा जिवनोपयोगी सीप र सहयोग लगायतका सेवा तथा सहयोग बाल, लैङ्गिक र अपाङ्गतामैत्री हुनुपर्छ ।

## शिक्षण संस्था, स्वास्थ्य सेवाप्रदायकः

- बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने ।
- विद्यालयमा भयरहित वातावरणमा, सिक्ने तथा सिकाउने अवस्थाको विकास गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने । गुणस्तर सहितको आधारभूत शिक्षा लागु गर्नुपर्ने ।
- दलित, मुस्लिम, अति गरिबीको रेखामुनि रहेका बालबालिकाहरूलाई गाउँपालिकाले शिक्षा स्वास्थ्य जस्ता विषयमा प्राथमिकता दिने ।
- शिक्षण संस्था र स्वास्थ्य सेवाप्रदायकलाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण संवेदनशील संरचना सम्बन्धि मापदण्ड बनाइ लागु गर्न सहयोग तथा अनुगमन गर्ने ।
- नैतिक शिक्षा र अभिभावक शिक्षा अतिरिक्त कृयाकलाप संगीत, कला, शैक्षिक भ्रमणमा जोड दिने ।
- मदरसा धार्मिक समुदाय विद्यालय / मुस्लिम बालबालिकाहरूका लागि (शैक्षिक सामग्री / समर्थन अनुदान २०६३ अनुसारको दिशानिर्देशन) र अन्य कार्य योजनाको दिगोपानाका लागि पहल गर्ने ।
- विद्यालय, स्वास्थ्य कार्यलयको संरचना, सेवा र वातावरणलाई बाल, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री बनाउन लगाउने र अनुगमन गर्ने ।

- विद्यालय जानबाट बञ्चित रहेका बालबालिकालाई विद्यालयमा पहुँच गराउँने उपयुक्त वातावरण तथा आर्थिक स्रोत व्यवस्थापन गराउने ।

- उचित शिक्षा, वैकल्पिक शिक्षा भित्र विपद् जोखिम व्यवस्थापनका विषय समावेश गराउने ।

## लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार:

- लागूपदार्थ दुर्व्यसनी तथा ओसारपसार विरुद्ध विद्यालय, अभिभावक र बालबालिकालाई सचेतना गर्ने ।

- दुर्व्यसनमा परेका बालबालिकाको पुनःस्थापनका लागि विभिन्न संघसंस्था तथा निकायहरुको समन्वयमा आवश्यक दुर्व्यसन उपचारको व्यवस्था गर्ने ।

- लागूपदार्थको ओसारपसारमा बालबालिकाको संलग्नतालाई नियन्त्रण गर्न सीमाक्षेत्रका नाकाहरूमा विशेष निगरानीको व्यवस्था गर्ने । यसका निम्ति प्रहरी प्रशासन तथा स्थानिय वडा र पालिका विच बलियो समन्वय गर्ने ।

## यौन शोषण वादुर्व्यवहार पहिचानको संरक्षण तथा आकस्मिक सेवा:

- गर्भमा नै बालबालिकाको लिङ्ग पहिचान गर्ने, लिङ्गका आधारमा भेदभाव गर्ने र गर्भपतन गर्ने प्रचलनलाई अन्त्य गरिनेछ । यसका निम्ति परिवारका सदस्यहरूलाई परामर्श दिनेछ । अनिवार्य खोप, जन्मदर्ता, बाबुआमासँगै बस्न पाउने अधिकार सुनिश्चित गर्ने ।

- सेवा प्रदायकले जातजाति, लिङ्ग, धर्म, वर्ण, भाषा, भेषभूषा, सम्पन्नता वा विपन्नता, अपाङ्गता भएका नभएका, साना उमेरका र ठूलो उमेरका, भौगोलिक क्षेत्र जस्ता आधारमा भेदभाव गर्न नपाउने व्यवस्था गरिनेछ ।

- राजनीतिक सभा, जुलुसमा , अतिथि सत्कारमा बालबालिकाको प्रयोग निषेध गर्ने र यस्तो कार्यलाई निरुत्साहित गर्नेछ । यस्तो कार्यहरू रोक्नलाई सबै समक्ष जनचेतना बढाउने कार्य गर्नेछ ।

- यौनिक तथा लैङ्गिक अल्पसंख्यक बालबालिका, कुपोषित, अपाङ्गता भएका बालबालिकाका लागी संरक्षण सहित समावेशी बनाउने

- बालविज्याइ सुधार केन्द्रमा उचित व्यवस्था सहित बालबालिकाहरूलाई सुध्रिने मौका सहित हुर्किने वातावरण प्रदान गर्ने ।

- विभिन्न हानिकारक सामाजिक मुल्य मान्यता र कुप्रथाहरूको उन्मुलनमा विशेष जोड दिने र भेदभाव तथा दुर्व्यवहार, यातना, हिंसाबाट संरक्षण गर्दै परिवारमा छोरा र छोरी, अपाङ्गता भएका र नभएका, सबै सन्तानबीच हेरचाह र पालनपोषण र अवसरमा भेदभाव गर्न नपाइने व्यवस्था गरिनेछ ।

- बालबालिकाको संरक्षणको सबै भन्दा उत्तम उपाय बालबालिका परिवारमा नै रहने वातावरण श्रृजना गर्नु भएकोले बालबालिकाको पालनपोषण, हेरचाह गर्न र शिक्षा दिक्षा दिन नसक्ने विपन्न परिवारलाई आर्थिक र अन्य भौतिक सहयोग प्रदान गर्ने मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ ।

- बालबालिका माथि हुने यौन शोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपाय बारे समुदायमा आधारित संघसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूमा प्रशिक्षक आदिलाई सचेतना अभिबृद्धि गर्ने ।

- आकस्मिक बाल कोष गाउँपालिकाले बालबालिकाहरूलाई आकस्मिक अवस्थामा तुरुन्त सहयोग प्रदान गर्नका लागी गाउँपालिका स्तर तथा वडा स्तरमा आकस्मिक बाल कोषको स्थापना गर्ने छ। आकस्मिक बाल कोष बाल संरक्षण तथा सम्बर्द्धन समितिको मातहतमा रहने छ । यस कोषमा विभिन्न संघसंस्था तथा सरकारी कार्यालयबाट रकम प्राप्त गरी बालबालिकाको संरक्षणको क्षेत्रमा खर्च गर्न सक्ने छ ।

- शिक्षण संस्था, स्वास्थ्य सेवाप्रदायक लगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौन शोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने ।

## ९ ब्रह्मपुरी गाउँपालिकाको बाल अधिकार समितिको संरचनाः

गाउँपालिकाको संरचना तथा सदस्यहरूको काम, कर्तव्य, जिम्मेवारी तथा अधिकार राष्ट्रिय कार्यविधिले तोके अनुसार हुनेछः

| क्र. सं. | संस्थावाकार्यलय | पद |
|---|---|---|
| १. | गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. | निर्वाचित महिला प्रतिनिधि | सदस्य |
| ३. | बल अधिकारकर्मी | सदस्य |
| ४. | न्यायिक समिति | सदस्य |
| ५. | स्वास्थ्यकर्मी | सदस्य |
| ६. | शिक्षिका | सदस्य |
| ७. | शिक्षा शाखाप्रमुख | सदस्य |
| ८. | महिला अधिकारकर्मी | सदस्य |
| ९. | महिला तथा बालबालिका शाखाप्रमुख | सदस्य |
| १०. | सामाजिक कार्यकर्ता | सदस्य |

## १० ब्रह्मपुरी गाउँपालिका स्तरीय बाल अधिकार समितिद्धारा बाल संरक्षण नीतिको कार्यान्वयनः

ब्रह्मपुरी गाउँपालिकाले यस बाल संरक्षण नितिको मार्फत विद्यमान बालबालिकाहरुसँग सम्बन्धित ऐन तथा नियमहरूको प्रभावकारी कार्यान्वयन गर्नमा विशेष जोड दिइनेछ। यसका साथै बालबालिकाहरूलाई विभेद गर्ने र बालबालिकाको विकासमा अवरोध श्रृजना गर्ने मौजुदा ऐन, नियम, कुरीति र परम्परालाई समयानुकूल संशोधन, खारेज र सुधार गरी बालबालिकाहरूको सम्बन्धित वडामा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र पालिका स्तरीय बाल संरक्षण तथा सम्बर्द्धन उप-समिति तथा वडा कार्यालयमा पेश गर्न बाटो निर्माण गर्नेछ।

साथै यसै बाल संरक्षण नीतिद्वारा सिर्जित समितिले वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बालक्लव, मञ्च, समूह, बालसंरक्षण समिति, प्यारा लिगल कमिटि लगायतका निकायहरूको तयार पारी जिल्ला बालकल्याण समितिमा पेश गर्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार प्रबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने/गराउने छ।

यस बाल संरक्षण नितिभित्र रहेका समितिले बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी नेपाल सरकारका विभिन्न निकाय, अन्य सरकारी निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउँन आवश्यक समन्वय गर्ने, तथा बालबालिकाहरूसँग सम्बन्धित कार्यक्रमको रेखदेख र निरीक्षण गरीकार्यक्रमतर्जुमा गर्दा लैङ्गिक र बालमैत्रीको साथ-साथै सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्नेछ।

यस नीतिले बालबालिकाको अधिकारमा जोड दिने र शैक्षिक क्षेत्रमा बालबालिका प्रतिको नियन्त्रण र शारीरिक सजाय दिने जस्ता सोचाई र भावनामा ठूलो परिवर्तनको आशा राखिएको छ। साथै यस नीतिले आफ्नो सामाजिक र भौगोलिक अवस्थासँग मेल खाने गरेर अन्तर्राष्ट्रिय जगतमा विकास भएका बालबालिका सम्बन्धी नवीनतम आयामलाई समेटी नेपालले बालबालिका सम्बन्धी विभिन्न सन्धिलाई अनुमोदन गरी व्यक्त गरेको प्रतिबद्धता अनुरुप एउटा यथार्थपरक र व्यवहारिक बालबालिका सम्बन्धी स्थानीय स्तरको नीति तयार गरी लागू गर्ने साथै यस नीतिले आफ्नो सामाजिक र भौगोलिक अवस्थासँग मेल खाने गरी बालविकास प्रति संवेदनशील बनाई सबैमा उत्तरदायि बनाउने छ।

# ।। धन्यवाद ।।